आज मिति २०७५/११/२८ गते मंगलबारको दिन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा निम्नलिखित सभाका सदस्यहरुको उपस्थितिमा तपसिलको प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेप्तेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्त्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | |
| १४ | श्री छिरिङ आङग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री जनार्दन आचार्य | | |
| १६ | श्री टंकराज बराल | | |
| १७ | श्री सूर्य तिमिल्सिना | | |
| १८ | श्री बलेन्द्र राम हरिजन | | |
| १९ | श्री खड्क बहादुर भण्डारी | | |
| २० | छिरिङ छ्याल्पो गुरुङ | | |
| २१ | | | |
| २२ | | | |

वारागुङ मुक्तिक्षेत्र गाँउकार्यपालिका मिति २०७५।११।२८ गतेका बैठकका निर्णयहरु

प्रस्ताब नं १

निर्णयः

क} वारागुङ मुक्तिक्षेत्र गाँउपालिका बडा नं ३ चैलेमा संचालित श्री दिपज्योति आधारभूत बिद्यालयलाई शैक्षिक सत्र २०७६ देखि कक्षा २ संचालनको अनुमति दिने ।

ख} वारागुङ मुक्तिक्षेत्र गाँउपालिका बडा नं ३ छुसाङमा संचालित श्री जननर्मल आधारभूत बिद्यालयलाई शैक्षिक सत्र २०७६ देखि कक्षा ७ संचालनको अनुमति दिने ।

ग} वारागुङ मुक्तिक्षेत्र गाँउपालिका बडा नं ४ कागबेनीमा संचालित श्री कागछोदे गुम्बा बिद्यालयलाई शैक्षिक सत्र २०७६ देखि कक्षा ७ संचालनको अनुमति दिने ।

प्रस्ताब नं २

निर्णयः

यस गाँउपालिका अन्तर्गतको श्री अरनिको आधारभूत बिद्यालयको बालबिकास केन्द्र यथाबत राखि कक्षा १ देखि ३ सम्म शै स २०७६ देखी { २०७५ फागुन १ बाट यस गाँउपालिमा नयाँ शै स शुरु हुने} बिद्यालय हाललाई श्री दिपज्योति आधारभूत बिद्यालय चैलेमा समायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताब नं ३

निर्णयः

यस गाँउपालिका अन्तर्गतको श्री हिमाली आधारभूत बिद्यालय शान्तामा अध्ययनरत बालबालिकालाई वडा नं ५ स्थित फल्याकमा गाँउपालिकाबाट आर्थिक स्रोत व्यबस्थापन गरी प्रत्येक शैक्षिक सत्रको ४ महिना { कार्तिक मंसीर फागुन चैत्र} घुम्ति बिद्यालयको रुपमा पठनपाठन संचालन गराउने ।

प्रस्ताब नं ४

निर्णयः

क} श्री जनप्रिय आधारभूत बिद्यालय झोङका प्रा शि तृतीय श्रेणीका स्थायी शिक्षक श्री दयाराम रेग्मीलाई श्री मुक्तिनाथ आधारभूत बिद्यालय झारकोटमा रिक्त रहेको दरबन्दीमा काज सरुवा गर्ने ।

ख} श्री जनशान्ति माध्यमिक बिद्यालय कागबनीका नि मा शि द्धितीय श्रेणीका स्थायी शिक्षक श्री श्यामकुमार गुरुङलाई मिति २०७५।११।१९ को गते गरिएको काज सरुवाको समर्थन गर्ने ।

प्रस्ताव नं ५

निर्णयः

चालु आ ब २०७५ / ७६ मा गाँउपालिका अन्तर्गत संचालित बिद्यालयको आबश्यकता रहेको भनी उपलब्ध गराईएको लागि पानी तथा स्वच्छ सरसफाई सहितको शौचालय कोटा श्री लुप्रा आधारभूत बिद्यालय लुप्रालाई उपलब्ध गराउने ।

प्रस्ताव नं ६

निर्णयः

चालु आ ब २०७५ / ७६ मा गाँउपालिका अन्तर्गत संचालित बिद्यालयको आबश्यकता रहेको भनी उपलब्ध गराईएको दुई कक्षाकोठा निर्माणको लागि श्री जननर्मल आधारभूत बिद्यालयलाई उपलब्ध गराउने ।

प्रस्ताव नं ७

निर्णयः

यस गाँउपालिका अन्तर्गत संचालित सामूदायिक माध्यमिक बिद्यालयहरु मध्ये ईन्टरनेट पहूँच तथा बिद्युत नियमित आपूर्ति भएका बशिक्षण सिकाईमा सूचना प्रबिधिको प्रयोग { कम्प्युटर ईन्टरनेट कनेक्टिभिटी} खरिद कार्यक्रम श्री जनशान्ति माध्यमिक बिद्यालयलाई प्रस्ताब माग गरी प्रस्ताबका आधारमा उपलब्ध गराउने ।

प्रस्ताब नं ८

निर्णयः

यस गाँउपालिका अन्तर्गत वडा नं ३ छुसाङमा संचालनमा रहेको श्री जननर्मल आधारभूत बिद्यालयमा समाजिक बिकास मन्त्रालय गण्डकी प्रदेश सँगको सहकार्यमा आ ब २०७६।७७ देखि नमूना आवासिय बिद्यालय संचालन गर्न सिफारिश गर्ने ।

प्रस्ताब नं ९

निर्णयः

क} गण्डकी प्रदेश भौतिक पूर्वाधार बिकास मन्त्रालय पोखरा बाट यस गाँउपालिका अन्तर्गतको कागबेनी पुटाक हुदै झोङ छैङगुर र मुक्तिनाथ सम्मको मोटरबाटो साँझेदारीमा निर्मणका लागि रु ५० लाख को बजेट बिनियोजन भएको अबस्थामा गाँउपालिकाको समपुरक कोषबाट रु १५ लाख बिनियोजन गरी उक्त मोटरबाटोको निर्माण कार्य सम्पन्न गर्ने ।

ख} खिङगा पुटाक झोलुङगेपुल उपभोक्ता समितिलाई गाँउपालिकाको साझेदारी बापतको रु २१७७६८।२९ { दुईलाख सत्र हजार सातसय अठ्सठ्ठी रुपैया उनन्तिस पैसा} भुक्तानी दिनको लागि गाँउसभामा पेश गर्ने ।

प्रस्ताब नं १०

निर्णयः

कृषकहरुको मागका तपशिलका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा खरिद गरी बितरण गर्ने ।

| क्र स | कृषकको नाम | ठेगाना | कै |
|---|---|---|---|
| १ | सोनम टसी गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| २ | डम्बरबहादुर पाईजा | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| ३ | रमेश गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका १ खिङगा | |
| ४ | बहादुर गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| ५ | कर्म गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका १ झारकोट | |
| ६ | आङग्या गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ४ तिरी | |
| ७ | फेन्चोक गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ४ पाङलिङ | |
| ८ | गमबहादुर गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका २ छैङगुर | |
| ९ | ताक्ला गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| १० | छिरिङ थचेन गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| ११ | मिलन गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ३ चैले | |
| १२ | छा आङग्या गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका १ झारकोट | |
| १३ | पेमा ढुण्डु गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाँउपालिका ४ पाङलिङ | |

प्रस्ताब नं ११

निर्णयः क} बायू उर्जाबाट् पानी तान्ने परियोजनाको बिस्तृत सम्भाब्यता अध्ययन स्वीकृत गरी कार्यान्वयनका लागि संघिय सरकार प्रदेश सरकार र बैल्कल्पिक उर्जा प्रबद्धन केन्द्रमा पठाउने ।

ख} मुस्ताङ गेट घ्याकर सडकको बिस्तृत ईन्जिनियरिङ सर्भे डिजाईन तथा लागत ईष्टिमेट स्बीकृत गरी कार्यान्वयनका लागि संघिय सरकार तथा प्रदेश सरकारसँग पठाउने ।

ग} गाँउपालिका भबन निर्माण सम्बन्धि ड्रोईङ डिजाईन सर्भे तथा लगत ईष्टिमेट रु ४,७१,८६,८८२।६८ स्वीकृत गर्ने कार्यान्वयनका लागि गाँउसभामा पेश गर्ने र कार्यान्वयनका लागि गाँउपालिकालाई निर्देशन दिने ।

प्रस्ताब नं १२

निर्णयः गाँउपालिकाको भवन जग्गा प्राप्ति पश्चात मात्र निर्माण गर्न उपयुक्त देखिएको भनी सम्बधित शाखाको राय भएता पनि गाँउकार्यपालिकाको निर्णय अनुसार भवन निर्माणको लागि गाँउसभाको बैठकमा पेश गर्ने र गाँउसभाको निर्णयानुसार गर्ने ।

प्रस्ताब नं १३

निर्णयः गाँउपालिकाको लागि आबश्यक रहेका सहकारी सम्बन्धि ऐन,जग्गा लिजमा दिने तथा भोगाधिकार सम्बन्धि कार्यबिधि , अपांग परिचयपत्र बितरण निर्देशका, जेष्ठ नागरिक परिचयपत्र बितरण निर्देशिका, न्यायिक समितिका कार्यबिधि तथा उद्योग दर्ता स्थानीय शिक्षा ऐन सम्बन्धि कानुन निर्माण गर्नु पर्ने भएकाले समितिलाई निर्माणका लागि निर्देशन दिने ।

प्रस्ताब नं १४

निर्णयः गाँउपालिका समक्ष बजेट संशोधनका लागि पेश गर्ने र गाँउसभाले निर्धारण गरे अनुसार रकम बिनियोजन गर्ने ।

प्रस्ताब नं १५

निर्णयः निजि संस्थासँग समन्वय गरी मुक्तिनाथ देखि कागबेनीसम्म सोलार लाईट तथा अन्य निजिक्षेत्र आकर्षित हुने क्षेत्रमा जडानको लागि पहल गर्ने ।